Series &RQPS

SET-4

प्रश्न-पत्र कोड
Q.P. Code **24**

रोल नं.
Roll No.

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

**नोट**

(I) कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** पृष्ठहरू छन् ।

(II) कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **18** वटा प्रश्नहरू छन् कि छैनन् ।

(III) त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।

(IV) **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**

(V) यो प्रश्नपत्र पढ्नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।

**NOTE**

(I) Please check that this question paper contains **11** printed pages.

(II) Please check that this question paper contains **18** questions.

(III) Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(IV) **Please write down the serial number of the question in the answer-book before attempting it.**

(V) 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली
# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* | *Maximum Marks : 80*

**General Instructions :**

*(i)* *Question paper is divided into* ***2*** *sections.*

*(ii)* *It has total* ***18*** *questions.*

*(iii)* ***Section A*** *:* ***2*** *questions no.* ***1*** *to* ***2****.*

*(iv)* ***Section B*** *:* ***16*** *questions no.* ***3*** *to* ***18****.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

**सामान्य निर्देश :**

*(i)* यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ ।

*(ii)* यस प्रश्नपत्रमा जम्मा 18 वटा प्रश्नहरू छन् ।

*(iii)* भाग 1 मा 2 वटा प्रश्नहरू छन् । जो प्रश्नसंख्या 1 देखि प्रश्नसंख्या 2 सम्म छन् ।

*(iv)* भाग 2 मा 16 वटा प्रश्नहरू छन् जो प्रश्न संख्या 3 देखि प्रश्नसंख्या 18 सम्म राखिएको छ ।

विशेष निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

उत्तर दिन अघि उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्नुहोस् ।

## भाग एक
## वस्तुपरक प्रश्नहरू

**1.** *निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् ।* *12×1=12*

(i) वार्णिक छन्दमा गण कतिवटा हुन्छन् ?

(A) चार (B) एक

(C) दुई (D) आठ

(ii) "।ऽऽ, ।।।, ऽऽऽ" - यहाँ क्रमशः ______ छन् ।

(A) जगण, नगण, मगण (B) जगण, मगण, नगण

(C) यगण, नगण, मगण (D) यगण, मगण, नगण

(iii) ______ ह्रस्व स्वरवर्ण हुन् ।

(A) आ, इ, उ, ऋ (B) अ, इ, उ, ऋ

(C) अ, ई, उ, ऋ (D) आ, ई, उ, ऋ

(iv) काव्यको ______ अलङ्कार भनिन्छ ।

(A) आभूषणलाई (B) कथालाई

(C) कवितालाई (D) साहित्यलाई

(v) अनुष्टुप छन्दको प्रत्येक ______ आठ-आठ अक्षर हुन्छन् ।

(A) गतिमा

(B) गणमा

(C) यतिमा

(D) चरणमा

(vi) 'सविता' लेख्दा ______ हुन्छ ।

(A) भगण (B) सगण

(C) जगण (D) रगण

(vii) शिखरिणी छन्दमा ______ हुन्छन् ।

(A) य, म, न, स, भ–गण

(B) ज, भ, न, स–लघु–गुरू

(C) य, म, न, स, भ–लघु–गुरू

(D) चारवटा सगण

(viii) दुई वस्तुबीच गुण, धर्म, आदिका आधारमा तुलना गरियो भने कुन अलङ्कार हुन्छ ?

(A) उपमा अलङ्कार

(B) श्लेष अलङ्कार

(C) छन्द अलङ्कार

(D) गण र अलङ्कार

(ix) काव्यमा अर्थको प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य, चमत्कार र सौन्दर्यलाई ______ भनिन्छ ।

(A) सुन्दर अलङ्कार

(B) उभयालङ्कार

(C) शब्दालङ्कार

(D) अर्थालङ्कार

(x) 'अलङ्कार' शब्द ______ को व्युत्पत्तिबाट बनेको छ ।

(A) अलङ्का + र

(B) अलम् + कृ + घञ्

(C) अ + लङ् + कार

(D) अ + लम् + का + र

(xi) ‘अब चिन्ता मात्रै गर्ने कि डाक्टर पनि देखाउने ।’ – यहाँ चिन्ता शब्दको माध्यमबाट कुन अलङ्कार देखिएको छ ?

(A) श्लेष (B) उपमा

(C) अतिशयोक्ति (D) अनुप्रास

(xii) ‘कमल झैं कोमल मुख’मा ‘कोमल’ शब्द ______ हो ।

(A) साधारण धर्म (B) उपमेय

(C) उपमान (D) वाचकपद

**2.** निम्नलिखित काव्यांश पढ़ेर सोधिएका बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् । *8×1=8*

हिमालमा गयो जाड़ो लोक साऽऽनन्द देखियो ।
उदायो रसिलो राम्रो ऋतुराज वसन्त यो ।।
नामशेष भयो सारा पुरानू शिशिरस्थिति ।
लियो वसन्तले अर्कै नयाँ गौरवपद्धति ।।
ऋतु हुन् अरु पाँचोटा, वसन्त ऋतुराज हो ।
लोक गौरवले भर्नु यसैको मुख्य काज हो ।।
वसन्तमा सामानै छन् ठण्डी गर्मी दुवै गुण ।
तुल्य-तुल्य दया-दण्ड राजाका हुन् विभूषण ।।
देखिन्छ नाऽतिशीतोष्ण महिमा ऋतुराजको ।
दया-दण्डज्ञ राजाको नीति झैं राजकाजको ।।
पशुपक्षी लतावृक्षलगायत चराचर ।
ऋतुनायकको गर्छ प्रेमले स्वाऽऽगताऽऽदर ।।
सेतो कमलको छाता मञ्जरीमय चामर ।
ऋतुराजत्वका चिह्न देखिन्छन् अति सुन्दर ।।

भुमराहरू वीणाको दिव्य झङ्कार गर्दछन् ।
गुणगायक भै पक्षी गानमा तान भर्दछन् ।।
बर्र–बर्र लतावृक्ष लावा झैं फूल छर्दछन् ।
पुतली नर्तकीतुल्य नाचदै अघि सर्दछन् ।।
मलयाऽचलको वायु लगातार सिरीसिरी ।
कलिला पालुवारूप पङ्खा हम्कन्छ सुस्तरी ।।
सजायेको छ सर्वत्र दिव्य सौन्दर्यको रथ ।
शान्तिको जल छर्केको खुला आनन्दको पथ ।।
सारा वन बगैंचामा सजायेको छ आसन ।
ऋतुराज उतैबाट गर्छ त्यो शुभशासन ।।
दिव्य आनन्दको रङ्ग, दिव्य कान्तितरङ्ग छ ।
दिव्य उन्नतिको ढङ्ग, दिव्य सारा प्रसङ्ग छ ।।
त्यो दिव्य रङ्ग पायेका लतावृक्ष वनस्पति ।
देखिन्छन् योग्य नेताका रैती झैं उन्नताऽऽकृति ।।
सानातिना सबैमाथि फैलियेको छ गौरव ।
योग्यको आड़ पायेको बिग्रला को कहाँ कब ?

(i) उक्त पद्यांश कुन ऋतुबाट उद्धृत गरिएको हो ?

(A) वसन्त ऋतुबाट

(B) हेमन्त ऋतुबाट

(C) शिशिर ऋतुबाट

(D) शरद ऋतुबाट

(ii) हिमालमा जाड़ो गएपछि केको आगमन भएको कुरा गरिएको छ ?

(A) पक्षीहरूको (B) मानिसहरूको

(C) फूलहरूको (D) ऋतुराजको

(iii) वसन्त ऋतुको स्वागत प्रेमपूर्वक कसले गर्छन् ?

(A) आकाशका बादलहरूले

(B) पशु, पक्षी, लता र वृक्षले

(C) सजिएका नारीहरूले

(D) प्रजाहरूले

(iv) पुतलीहरू कतिबेला नर्तकीतुल्य नाच्दै गरेको देखिन्छन् ?

(A) शिरशिर हावा लागेको बेला

(B) मधुर घाम लागेको बेला

(C) लता वृक्षबाट बर्र–बर्र फूल लावा जस्तै झरेको बेला ।

(D) पानी परेको बेला

(v) यहाँ ऋतुराज शब्द केको पर्यायवाचीको रूपमा प्रयोग भएको छ ?

(A) वसन्त ऋतु

(B) राजाको

(C) जनताको

(D) पर्यावरणको

(vi) कहाँबाट आएको सिरिसिरी हावाले पालुवालाई पङ्खाको रूपमा प्रयोग गराएको छ ?

(A) नदीबाट आएको हावा

(B) वृक्षबाट आएको हावा

(C) मलयाचलको हावा

(D) वगैंचाको हावा

(vii) उक्त पद्यांशका रचनाकारको नाम के हो ?

(A) लक्ष्मीप्रसाद देवकोटा

(B) लेखनाथ पौड्याल

(C) बालकृष्ण सम

(D) रामकृष्ण शर्मा

(viii) दिव्य रङ्ग पाएका लता वृक्ष वनस्पति कस्ता देखिन्छन् ?

(A) योग्य रैतीका नेता जस्तै

(B) अयोग्य नेताका रैती जस्तै

(C) अयोग्य नेताका अयोग्य रैती जस्तै

(D) योग्य नेताका रैती जस्तै

## भाग – दुई
## वर्णनात्मक प्रश्नहरू

**3.** निम्नलिखित प्रश्नका संक्षेपमा उत्तर लेख्नुहोस् । *5×2=10*

(i) जुनेली रेखा उपन्यासका कुनै चार पात्रहरूको नाम लेख्नुहोस् ?

(ii) मालिनीले पुतली र राघे बिरालोबाट के प्रेरणा पाई ?

(iii) जुनेली रेखा उपन्यासका रचनाकार को हुन् ? यस उपन्यासले के खुलस्त पार्न खोजेको छ ?

(iv) जसे कुन कमानमा काम गर्थ्यो र त्यस कमानमा कसको हुकुम चल्थ्यो ?

(v) “जसेले एकताल भेटे हुन्थ्यो” भन्ने खबर मालिनीले कसलाई पठाई र किन ?

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् । *3×2=6*

(i) लेखनाथ पौड्यालका कुनै दुईवटा कृतिको नाम लेख्नुहोस् ?

(ii) बालकृष्ण समको जन्म कहाँ र कहिले भएको थियो ?

(iii) पारिजातको पूरा नाम के हो र उनको जन्म कहाँ भएको थियो ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

**5.** "भट्टीपसल भएर के हुन्छ ? चित्लाङमा पनि त त्यही हो नि । छेउको कोठा त सफै छ ।" – यो वाक्य सानीले कुन प्रसङ्गमा भनेकी हो ? *2*

**6.** रानुले विमलनाथ र उसँग विवाह भएको गुण्डालाई के–केसँग तुलना गरेकी छे ? *2*

**7.** यात्रीले सानीलाई भान्साको निम्ति के–के ल्याउन अह्रायो ? *2*

**8.** आमाको प्रस्तावलाई विमलनाथले अस्वीकार गरेपछि रानुले आफूलाई ऐनामा कस्तो देखी ? *3*

**9.** (a) उज्यालीले 'म' पात्रलाई घरमा बोलाएपछि उसले के–कस्ता नयाँ कुराहरू थाहा पायो ? *3*

**अथवा (OR)**

(b) गरीबीको कारण उज्यालीले के–कस्ता समस्याको सामना गर्नपरेको थियो ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

**10.** 'हाइ हाइ अङ्ग्रेजी' निबन्धको निष्कर्ष के हो ? *2*

**11.** 'हाम्रो राष्ट्रिय चाड़ र सयपत्री फूल' मा बुद्धले लगाएको वस्त्रको अर्थ के हो भनेर भनिएको छ ? *2*

**12.** निबन्धकारले सयपत्री फूल र नेपाली जीवनमा कसरी समानता देखाएका छन् ? *4*

निम्नलिखित प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस् ।

**13.** साधारण अर्थमा नाटक भनेको के हो ? *2*

**14.** नाटकको सफलता र असफलताको बारेमा इटालीका विद्वान् कासेलभेत्रोले आफ्नो तर्क कसरी राखेका छन् ? *3*

**15.** बन्दिनी एकाङ्कीले हामीलाई के सन्देश दिन खोजेको छ ? *3*

**16.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् । *3×2=6*

(i) साधारण अर्थमा भाषा भन्नाले के बुझिन्छ ?

(ii) विजय मल्ल र रूपनारायण सिंहको एक-एकवटा उपन्यासको नाम लेख्नुहोस् ?

(iii) नेपाली भाषाका यसअघिका नामहरू के-के हुन् ?

**17.** तल दिइएको **कुनै एक** विषयमा लगभग 150 शब्दभित्रको निबन्ध लेख्नुहोस् । *5*

- विज्ञानको चमत्कार ।
- विद्या धनं सर्व धनं प्रधानम् ।
- चन्द्रयान 3 ।

**18.** (a) 'ज्ञानी हुने उपायहरू' विषयलाई स्पष्ट बनाउँदै आफ्नो साथीलाई एउटा रोचक पत्र लेख्नुहोस् । *5*

**अथवा (OR)**

(b) आफू रूघा, खोकी र ज्वरोले सिकिस्त भएको जानकारी गराउँदै विद्यालयका प्राचार्यलाई दुई दिनको विरामी विदाको निम्ति एउटा निवेदन लेख्नुहोस् ।